# शान्ति



**सरोज प्रसाद साह**

इतिहासका पानामा अझै छापिएका छन्
रगत र आँसुले लेखिएका अक्षरहरू,
तर अब समयले भन्छ–



अन्धकार भत्काऊ, नयाँ घाम भित्र्याऊ ।
शान्ति केवल मौनता होइन,
यो आत्माको गहिरो संवाद हो,
जसले मान्छेलाई मान्छेसँग जोड्छ,
र पृथ्वीलाई आकाशसँग मिलाउँछ ।
हिमालजस्तो अटल हाम्रो विश्वास होस्,
तराईजस्तो उर्वर हाम्रो श्रम होस्,
पहाडजस्तो दृढ हाम्रो साहस होस्–
यिनैले हाम्रो भविष्य लेखून्!
शान्ति कुनै वरदान होइन–
यो श्रमले सिर्जिएको रचना हो,
साहसले सुरक्षित सम्पत्ति हो,
प्रेमले सिंचिएको बगैंचा हो ।
साँचो शान्ति त्यहाँ जन्मिन्छ जहाँ–
भिन्नतामा पनि एकताको सुगन्ध हुन्छ,
घृणालाई क्षमाले पराजित गर्न सकिन्छ,
र आँसु मुस्कानमा बदलिन्छ ।



नेपालको महानता
केवल हिमालको उचाइ होइन,
हाम्रो चेतनाको गहिराइ हो ।
जब हामी घृणाभन्दा प्रेम रोज्छौं,
त्यो क्षण–शान्ति हाम्रो पहिचान बन्छ ।
अब हतियार होइन, शब्दको शक्ति चाहिन्छ,
आँसु होइन, मुस्कान चाहिन्छ ।
शान्ति हाम्रो अस्तित्वको महामन्त्र हो–
यसलाई जीवनमा उतारौं ,
र संसारलाई देखाऊँ–
नेपाल शान्तिको दिव्य राजधानी हो ।





**सिवांश शर्मा**
कक्षा-५, नवोदय शिसुसदन, हेटौंडा-४

# जीवनको कठोर सत्य



**बिहानी थापा**

दुनियाँ रङ्गमञ्च जस्तै
जहाँ हाँसे पनि बन्छ नाटक
जीवनका धमिला यादहरू मेटाउने
आँसुहरू बगिरहन्छन् पर्दा पछाडि ।

यहाँ सत्यलाई दिइन्छ सजाय
र झुटले समाजमा गर्छ रजाइँ
मान्छेभन्दा ठूलो हैसियत कमाउँछ पैसा र नामले
कहिल्यै सम्मानित हुँदैन मान्छे यहाँ आफ्नो कामले ।

माया पनि सर्तसँग साटिन्छ यहाँ
स्वार्थले सम्बन्धको डोरी बाटिन्छ यहाँ
कसरी सुनाऊँ म मानव जीवनको कठोर सत्यता
आफ्नो मान्छे चिन्न पनि सङ्कट चाहिन्छ यहाँ ।

तर यही दुनियाँमा छ आशाको सानो दियो
जहाँ सत्य र सत्कर्मको गरिन्छ सम्मान
यहाँ पुजिन्छ न्याय र सत्कर्म
यही दुनियाँको खोजीमा लम्केको
म एक जीवन यात्री बनेको ।

*कक्षा-९, नवोदय शिशु सदन, हेटौंडा-४*

# मेरो देश



**सुवाङ्गी पौडेल**

नेपाल हो संस्कृतिमा साह्रै धनी देश
फरक जाति भाषा धर्म आफ्नै छ भेष ॥

दाजु-भाइ दिदी-बहिनी कोही छैनन् पराई
सबै ठाउँ रमाइलो छ हिमाल, पहाड, तराई ॥

आफ्नो देशको नाम सुन्दा छुट्टै हुन्छ शान
साना ठूला जसलाई पनि गर्नुपर्छ मान ॥

हाम्रै देशमा विश्वका ठूला-ठूला शिखर
राम्रो देश बनाउनलाई नराम्रा बानी निखार ॥

आज सबैभन्दा ठूलो कुरा धन
धन भन्दा नि ठूलो बनाउनु छ मन ॥

*कक्षा-६*

# विद्यालय जीवनका १३ वर्ष



**युना दुलाल**

विद्यालय जीवन हाम्रो जीवनको सबैभन्दा सुनौलो अध्याय हो । यो हाम्रो जीवनको सबैभन्दा सुन्दर र सम्झना योग्य समय हो । नर्सरीदेखि कक्षा १० सम्मको यो यात्रा केवल पढाई मात्र होइन भावना, मित्रता, सिकाई र अनुभवहरुले भरिएको थियो ।

नर्सरी र केजी कक्षामा सानो संसारमै ठूलो खुशी मिल्थ्यो । साना–साना हातले सानो झोला बोकेर विद्यालय जान्थे । सुरुको दिनमा त म लगायत सबै जना रोए । त्यसपछि केही दिनमै साथीहरुसँगै घुलमिल हुनु, विद्यालयको परिवेशमा रमाउनु यी सबै पलहरु अत्यन्त मिठो हुन्छ । थोरै पढाइका साथ धेरै खेलकुद, गीत गाउने, राम्रा–राम्रा चित्र बनाउन नआए तापनि आफूले सक्ने जति बनाएर त्यसमै रमाउने अनि शिक्षकहरुसँग रमाइलो गर्ने यी सबै पलहरु एकदमै अविस्मरणीय छन् । हामीले सिकेका ती सबै अक्षरहरु, सानो झोला बोकेर विद्यालयको बस कुरेका पलहरु अझै मनमा ताजा छ । बिस्तारै विद्यालय हाम्रो दोस्रो घर बन्दै गयो ।

कक्षा १ देखि ४ सम्म आइपुग्दा हामी बिस्तारै जिम्मेवार बन्दै गयौं । मलाई यस समयको धेरै कुरा याद नभए तापनि मँसग सबैभन्दा धेरै मिल्ने साथीसँगको बिछोडको क्षण कहिल्यै पनि बिर्सिन सक्दिन होला । यस समयमा हामीले नयाँ अक्षर चिन्नेदेखि कथा पढ्नेसम्म, सानो-ठूलो प्रतियोगितामा भाग लिनेसम्म धेरै कुरा सिक्यौँ । टिफिनको समयमा साथीहरुसँग बसेर खाजा साटासाट गर्ने, खेलमैदानमा कुद्ने, लुकामारी खेल्ने यी सबैले मेरो विद्यालय जीवन अझै रमाइलो बनाएको थियो । कहिलेकाहीँ कक्षामा हल्ला गर्दा शिक्षकहरुको गालीमा पनि मिठास लुकेको कुरा अहिले थाहा पाएँ तर त्यो समयमा थाहा नपाएकाले नै होला धेरै नरमाइलो लाग्थ्यो । यो समयमा धेरै नयाँ साथी पाउनुका साथै पुराना साथीहरुलाई गुमाउँदै गएको कुरा कहिल्यै बिर्सिन सक्दिन ।

कक्षा ५ देखि ७ सम्म आइपुग्दा म त धेरै नै बद्लिएछु । यो समयले अलि अलग अनुभव दियो । नयाँ शिक्षकहरु, नयाँ साथीहरु र विद्यालयमा पनि धेरै नै परिवर्तन भइसकेको थियो । हाम्रो विद्यालयमा म कक्षा ७ मा पढ्दा धेरै कुराहरुमा सकारात्मक परिवर्तन भइसकेको थियो । मैले त्यो समयमा धेरै प्रतियोगितामा भाग लिन छोडिसकेकी थिए । मैले आफ्नो धेरैजसो रुची पढाईमा लगाएको कुरा मलाई अझैँ याद छ । यस समय सम्म धेरै साथीहरु थिए ।

कक्षा ८ देखि ९ सम्म आइपुग्दा म र यो विद्यालय दुवै परिवर्तन हुँदै गएको मलाई महशुस भएको थियो । यो समयमा म आफैँसँग रमाउँथे । कक्षा-८ मा नयाँ विषयहरु, नयाँ शिक्षकहरु र नयाँ चुनौतीहरु आए । आफूसँग मिल्ने साथीहरुसँगको सम्बन्ध अझ बलियो भयो । यो पलमा पढाईका साथै कक्षामा हाँसो मजाक गर्ने, मिलेर परियोजना कार्य बनाएको कुराले झनै रङ्गीन बनायो । कहिलेकाहीँ गृहकार्य नगरेमा वा नपढेमा सजाय पाउँदा पनि रमाइलो गरेको दिन त झन् कसरी बिर्सन सक्छु र ? कक्षा-८ को परीक्षाको अन्तिम दिन त सायद मैले आफ्नो जीवनभर बिर्सिन सक्दिन । कक्षा-८ मेरो विद्यालय जीवनको सबैभन्दा र कहिल्यै बिर्सिन नसक्ने पल थियो । कक्षा-९ मा धेरै साथीहरुसँग मनमुटाव भयो । त्यो समयमा मलाई एकदमै नरमाइलो लागेको थियो । सायद त्यो नै मेरो विद्यालय जीवनको सबैभन्दा नराम्रो याद होला जसलाई म कहिल्यै पनि सम्झन चाहन्न । कक्षा ९ को अन्तिम दिन रमाइलो नै भयो ।

कक्षा–१० को पहिलो दिन म एकदमै आत्तिएको थिएँ र एकदमै खुशी पनि थिएँ । यो समय विद्यालय जीवनको अन्तिम पल हो भन्ने कुरा मलाई थाहा थियो । सायद त्यही भएर पनि होला म एकदमै आत्तिएकी थिएँ । शिक्षकहरुले यो जीवनको महत्वपूर्ण मोड हो भन्ने कुरा बताउनु भएको थियो । यो समयमा बोर्ड परीक्षाको तयारीले सबैभन्दा धेरै चिन्ता दिँदो रहेछ । पढाइको दबाब हुन्छ र साथीहरुसँग रमाइलो गर्दा ती सबै कुराहरु बिर्सने रहेछ । यो विद्यालयको अन्तिम वर्षको खेलकुद, वार्षिक कार्यक्रमका साथै अन्य कार्यक्रम शैक्षिक भ्रमण र विशेषगरी बिदाई कार्यक्रम यी सबैले अत्यन्त भावुक बनाउने रहेछ । अन्तिम दिन, कक्षाकोठा, आफू बसेको डेस्क, शिक्षक र साथीहरुलाई छोड्दा मन भारी हुनेरहेछ । विद्यालय जीवनले हामीलाई केवल किताबको ज्ञान मात्र होइन, अनुशासन, समयको मूल्य, सम्मान र जीवन जिउने कला पनि सिकाउने रहेछ । विद्यालय जीवन सकिएपनि सम्झनाहरु कहिल्यै मेटिदैनन् । ती हाँसो, आँशु, रमाइलो दिनहरु सधैँ मेरो मनमा रहनेछ ।

*कक्षा-१०, सनराइज इंग्लिस बोर्डिङ स्कूल, हेटौंडा-१२विद्यालय जीवनका १३ वर्ष*

## बुधबारे बालसाहित्य



**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।**

**सम्पादक**

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

## शिलबन्दी दरभाउ पेश गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/१२/११)*

प्रस्तुत विषयमा यस संघको तपसिलमा उल्लेखित विवरण अनुसारको भित्तेपात्रो छपाई गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र ईच्छुक फर्म/कम्पनीहरुले शिलबन्दी दरभाउपत्र कार्यालय समयभित्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**
२०८३ सालको रङ्गिन भित्तेपात्रो
साईज : १५x२०
पाना : ४ पाना (८ पेज)
पेपर क्वालिटी : १५० ग्राम आर्ट पेपर
परिणाम : ६५०० थान
(डिजाइन समेत)

**पेश गर्नुपर्ने कागजातहरू :**
१. फर्म/कम्पनी दर्ता प्रमाणपत्र प्रतिलिपी ।
२. भ्याट दर्ताको प्रमाणपत्र प्रतिलिपी ।
३. आ.व. २०८१/२०८२ को करचुक्ता प्रमाणपत्र प्रतिलिपी ।
४. सूचना अनुसारको शिलबन्दी दरभाउपत्र (मु.अ.कर सहित उल्लेख गरिएको) ।
५. ढुवानी भाँडा स्वयम् छनौट भएको फर्म/कम्पनीले व्यहोर्ने छ ।
६. २०८२/१२/२५ गतेभित्र उपलब्ध गराउने प्रतिबद्धता पत्र ।
७. दरभाउपत्र खोल्ने समय २०८२/१२/१८ दिउँसो १:०० बजे ।
८. रित नपुगी आएका दरभाउपत्र स्वीकृत गरिने छैन ।

**(नोट**: छनौट भएको फर्म/कम्पनीलाई अग्रिम पेश्की उपलब्ध गराइने छैन ।)
सम्पर्क : ०५७–५२३६६१

**मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघ लि.**
**हेटौंडा उपमहानगरपालिका-१, चौकीटोल, मकवानपुर**

## शिक्षक आवश्यकता

*(प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/१२/११)*

प्रस्तुत विषयमा यस श्री धुवाङ्ग माध्यमिक विद्यालय कैलाश-८, मादलसिं मकवानपुरमा रिक्त रहेका मा.वि.तृतीय श्रेणी (संघीय अनुदान गणित), निमाबि तृतीय श्रेणी (अस्थायी करार-गणित र प्रा.वि. तृतीय श्रेणी (अस्थायी करार) कोटामा कैलाश गाउँपालिका शिक्षा शाखाको मिति २०८२/१२/०९, च.नं. १७९६ को पत्रानुसार विज्ञापन अनुमति प्राप्त भए अनुसार योग्य शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले नेपाली नागरिकहरुबाट दरखास्त आव्हान् गरिन्छ ।

**तपसिल**
१. विज्ञापन नं. : ०१/०८२/०८३
२. तह : मा.वि.(तृ.) श्रेणी संघीय अनुदान (गणित-१), निमावि (तृ.) श्रेणी अस्थायी करार (गणित-१) र प्रा.वि.(तृ.) श्रेणी अस्थायी करार-१ ।
३. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
४. तलब : प्रचलित सरकारी नियम अनुसार ।
५. योग्यता : मा.वि. (स्नातक वा सो सरह), नि.मा.वि. (+२ वा सो सरह) ।
६. दस्तुर : मा.वि. (रु.२०००), नि.मा.वि.(रु.१५००) र प्रा.वि (रु.१०००) ।
७. दरखास्त दिने अन्तिम मिति : २०८२/१२/२५ गते कार्यालय समयभित्र ।
८. सम्पर्क मिति : २०८२/१२/२५
९. सम्पर्क मिति : २०८२/१२/२६ गते ।
१०. परीक्षा मिति : सम्पर्क मिति तोकिनेछ ।
११. परीक्षाको किसिम : लिखित, मौखिक र आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा ।

**१२. आवश्यक कागजातहरू :**
क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी-२ थान ।
ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी-२ थान ।
ग) स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपी-२ थान ।

**सम्पर्क: ९८४५६३९९८५ (अध्यक्ष), ९८५५०८५३०४ (प्रधानाध्यापक)**

**श्री धुवाङ्ग माध्यमिक विद्यालय**
**कैलाश-८, मादलसिं, मकवानपुर**

## कम्पनिको नाम परिवर्तन गरिएको बारे सूचना

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको श्री एम. एस. पी. सर्भिसेज कम्पनि प्रालि (दर्ता नं. ३६३८३५/०८१/०८२) को साविक नाम परिवर्तन भई अब उपरान्त श्री एम. एस. पी. लजिस्टिक एण्ड सर्भिसेज कम्पनि प्रालि कायम हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भइसकेकाले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री एम. एस. पी. लजिस्टिक एण्ड सर्भिसेज कम्पनि प्रालि**

## सूचीकृत हुन आउने सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/१२/११)*

प्रस्तुत विषयमा यस विद्यालयको व्यवस्थापन समितिको मिति २०८२/१२/१० को निर्णय अनुसार चालु आ.व. २०८२/०८३ मा विद्यालयमा आवश्यक पर्ने सेनेटरी प्याड खरिद गर्ने प्रयोजनका लागि नेपाल सरकारले जारी गरेको सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ को अनुसूची १ दफा ३ को उपदफा ४ सँग सम्बन्धित सेनेटरी प्याडको न्यूनतम मापदण्ड बमोजिम उक्त सामग्री खरिद प्रक्रिया प्रयोजनका लागि आपूर्ति गर्न चाहने आपूर्तिकर्ता, कम्पनी, सप्लायर्स तथा फर्महरुले सार्वजनिक खरिद नियमावली अनुसार तपसिलमा उल्लेखित कागजातसहित विद्यालयमा सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयभित्र सूचीकृतका लागि निवेदन दर्ता गराउन हुन सार्वजनिक सूचना आव्हान् गरिएको छ ।

साथै आवश्यक कागजातहरु संलग्न नगरिएको निवेदनलाई मान्यता दिइने छैन र प्राप्त भएका निवेदन मौजुदा सूचीमा सूचीकृत गर्ने वा नगर्ने अधिकार विद्यालय व्यवस्थापन समितिमा निहित रहने छ ।

**तपसिल**
**विषय क्षेत्र**
१) सेनेटरी प्याड

**निवेदनसँगै पेश गर्नुपर्ने आवश्यक कागजातहरू :**
१) स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपी ।
२) कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपी ।
३) मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
४) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

**सम्पर्क : ९८५५०३२२१०, ९८४५१६४५०३**

**श्री अमर माध्यमिक विद्यालय**
**हेटौंडा-१, मकवानपुर**

## न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना

हेटौंडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौंडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौं ।

**प्रो. ज्योति रत्न बज्राचार्य**
**सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४**

## चल अचल सम्पत्ति वा घर–जग्गा भाँडामा दिंदा अनिवार्य रूपमा सम्झौता गर्ने सम्बन्धी सूचना

हेटौंडा उपमहानगरपालिका वडा नम्बर २ मा चल अचल सम्पत्ति वा घर जग्गा भाँडामा दिने लिने सबैले अनिवार्य रुपमा ३ पुस्ते पारिवारीक बिवरण उल्लेख गरी चल अचल सम्पत्ती वा घर जग्गा भाँडा सम्झौता गरेर मात्र दिन लिन हुन सरोकारवाला सबैमा यो सूचना प्रकाशन गरिएको छ । सम्झौता नगरी भाँडामा लिने दिने गरेको पाइएमा वा यस सम्बन्धमा कुनै समस्या आई परेमा सम्बन्धित व्यक्ति नै जिम्मेवार हुने व्यवहोर सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिन्छ ।

**२ नम्बर वडा कार्यालय**
**हेटौंडा उपमहानगरपालिका**
**बागमती प्रदेश, नेपाल**

## वास्तु किन चाहिन्छ ?

**Scientific & Modern**
**तरिकाबाट वास्तु गर्न चाहनुहुन्छ ?**

❖ पन्चतत्व सन्तुलित राख्न,
❖ वास्तुदोषबाट हुने हानी/नोक्सानीबाट जोगिन,
❖ घर/जग्गाबाट लाभ/हानी थाहा पाउन,
❖ गृहस्थी जीवन सन्तुलन राख्न,
वास्तु घरको मेरुदण्ड हो, यसले पञ्चतत्व (अग्नी, आकास, जल, वायु र पृथ्वी) सन्तुलन गर्दछ ।
❖ वैदिक वास्तुमा आधारित रहेर Scientific & Modern Vastu गराउँदा, बनी सकेको घरको तोडफोड नगरिकन वास्तुदोष निवारण गर्न सकिन्छ ।

**तपाईको जन्म मिति र मोबाईल नम्बरबाट शुभ अंक निकाल्न र अंकको प्रभावबाट सकारात्मक परिवर्तन ल्याउन चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।**

**निशूल्क परामर्श**
❖ Mobile Numerology,
❖ Crystal Remedy

Contact :
Sanukajis Ghalan
9766120056
9824224095

म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं. ३०/०६५/०७०

वर्ष:१७ अङ्क:- १२२ २०८२ चैत ११ गते बुधबार 25 March 2026, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-

## हामी नयाँ आकारमा

समृद्ध समाज राष्ट्रिय दैनिक मकवानपुरको लोकप्रिय दैनिक समाचारपत्र हो। हाम्रा पाठक, लेखक, विज्ञापनदाता, शुभेच्छुकहरु माफ हामीले आजबाट ब्रोडसिट आकारमा प्रकाशन सुरु गरेका छौं । छापा पत्रकारितामा पछिल्लो समय चुनौति बढ्दो छ। तर, हामी छापा पत्रकारितालाई आम पाठक सामु विश्वसनीय र प्रभावकारी माध्यमको रुपमा स्थापित गर्ने प्रयासमा छौं । छापा पत्रकारितालाई विश्वसनीय र प्रभावकारी बनाउने अभियानमा हामी हाम्रा पाठकबाट सल्लाह, सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दछौं । नयाँ आकारले हाम्रा पाठकहरुलाई हामीप्रति अझ बढी आकर्षित गर्ने आशा राखेका छौं ।

सम्पादक ।

### पश्चिम एसियामा युद्धको प्रभाव

# हेटौंडा औद्योगिक क्षेत्र मारमा




समाज संवाददाता

हेटौंडा : पश्चिम एसियामा बढ्दो तनाव र इरान-अमेरिका द्वन्द्वले नेपालको प्रमुख औद्योगिक केन्द्र मारमा परेका छन् । देशकै ठुलो औद्योगिक क्षेत्र हेटौंडा औद्योगिक क्षेत्रका उद्योगमा पनि युद्धको असर देखिएको छ। युद्धभूमिबाट भौगोलिक रुपमा निकै टाढा रहे पनि कच्चा पदार्थ र इन्धनका लागि अन्तर्राष्ट्रिय बजारमा निर्भर रहनुपर्ने बाध्यताका कारण हेटौंडाका उद्योगहरुमा संकटमा देखिएका छन् । औद्योगिक क्षेत्रमा हाल संचालनमा रहेका १२६ मध्ये अधिकांश उद्योगहरुको युद्धको चपेटामा पर्दा उत्पादन कटौती गर्नुपर्ने बाध्यतामा रहेका छन् ।

हेटौंडा औद्यागिक क्षेत्र व्यवस्थापन कार्यालयका अनुसार १४७ वटा प्लट मध्ये १२६ प्लटमा उद्योगहरु संचालनमा रहेका छन् । ४ वटा उद्योगहरु निर्माणको क्रममा रहेका छन् भने अन्य बाँकी प्लटमा सार्वजनिक संस्थानहरु चलिरहेका छन् । पछिल्लो समयमा संचालनमा रहेका उद्योगहरुले पनि पूर्ण क्षमतामा उत्पादन गर्न सक्ने अवस्था नरहेको कार्यालयले जनाएको छ । विशेषगरी पेट्रोलियम पदार्थमा आधारित कच्चा पदार्थको अप्रत्याशित मूल्य वृद्धि र आपूर्ति शृङ्खलामा देखिएको अवरोधले हेटौंडाका उद्योगीहरुलाई उत्पादन कटौती तथा उद्योग नै बन्द गर्नुपर्ने चुनौतीपूर्ण अवस्थामा पुऱ्याएको छ । हेटौंडा औद्योगिक क्षेत्रभित्र रहेका १४७ उद्योगहरूमध्ये अधिकांश अहिले आफ्नो पूर्ण क्षमतामा चल्न नसकेको उद्योगीहरुको भनाई छ ।

उनीहरुका अनुसार प्लास्टिकका दानादेखि खाद्य सामग्रीका लागि आवश्यक गहुँसम्मको आयात प्रभावित हुँदा एकातिर बजारमा कृत्रिम अभाव र मूल्यवृद्धि भएको छ भने अर्कोतिर उद्योगहरूमा कच्चा पदार्थको मौज्दातले अबको १५ दिनदेखि १ महिना मात्र धान्न सक्नेछ । अन्तर्राष्ट्रिय बजारमा इन्धनको भाउ बढ्दा ढुवानी खर्च आकाशिनु र विद्युत् संकटका कारण महँगो डिजेल प्रयोग गरेर उद्योग चलाउनुपर्ने दोहोरो मारमा उद्योगीहरु रहेको उनीहरुको भनाई छ ।

### दैनिक ३ करोड बढी घाटा : उपाध्यक्ष प्याकुरेल

उद्योग परिसंघ बागमती प्रदेशका उपाध्यक्ष स्वागतराज प्याकुरेलका अनुसार अन्तर्राष्ट्रिय स्तरमा बढ्दो तनाव र आर्थिक अस्थिरताका कारण नेपाली उद्योगहरु माथि अनेक चुनौति देखापरेको छ। विशेषगरी हेटौंडा औद्योगिक क्षेत्रले पछिल्लो समय कच्चा पदार्थको उपलब्धता र अनपेक्षित मूल्य वृद्धि तथा इन्धनको सहज आपूर्तिमा बाधा पुगेको उनले बताए ।

जसका कारण उत्पादन क्षेत्रहरु प्रभावित बनिरहेको उनको भनाई छ । युद्धका कारण उद्योगहरुले उत्पादन कटौती तथा उद्योग बन्द गर्नुपर्ने बाध्यताका साथै दैनिक ३ करोड रुपैयाँ बढीको नोक्सानी व्यहोर्नुपर्ने बाध्यता रहेको उनलले बताए । इरान-अमेरिका युद्धका कारण गत जनवरी वा फेब्रुअरीको तुलनामा अहिले प्याकेजिङका लागि प्रयोग हुने प्लास्टिकको दानाको मूल्य झन्डै दोब्बर भइसकेको उनले बताए । यसले गर्दा उत्पादन लागत निकै निरन्तर उच्च भइरहेको उनले बताए ।

प्याकुरेलले प्लास्टिकजन्य उद्योगका साथै पेन्ट उद्योगहरु पनि समस्यामा रहेको औंल्याए । पेन्ट बनाउन आवश्यक पर्ने इमल्सन र अन्य कच्चा पदार्थहरू पेट्रोलियम पदार्थमा आधारित हुने भएकाले तिनको मूल्य बढ्नुका साथै बजारमा उपलब्धता समेत कम हुँदै गएको उनको भनाइ छ। औद्योगिक क्षेत्रमा देखिएको ऊर्जा संकट र ढुवानी खर्च बढिरहेको उनले बताए । 'हेटौंडा औद्योगिक क्षेत्रमा साढे १० घण्टासम्म विद्युत् अवरुद्ध हुन्छ। यस्तो अवस्थामा महँगो डिजेल प्रयोग गरेर जेनेरेटरमार्फत उद्योग चलाउनु पर्दा लागत झनै बढेको छ । डिजेलको मूल्य वृद्धिले ट्रान्सपोर्टेसनमा पनि सिधा मार पारेको छ', उनले भने, 'हामीले कच्चा पदार्थको अभावले उद्योग संचालन गर्न सक्ने अवस्था छैन । निरन्तर रुपमा मुल्यवृद्धिले उत्पादन काटौती गर्नुपर्ने बाध्यता रहेको छ ।'

वर्तमान समस्या समाधानका लागि पेट्रोलियम पदार्थ र इन्धनको सहज व्यवस्थापनका लागि सरकारले कूटनीतिक र प्रो-एक्टिभ भूमिका खेल्नुपर्ने उनको भनाई छ। बैंकहरुले ब्याजदरमा केही राहत र भुक्तानी प्रक्रियामा सहजता ल्याइदिए उद्योगीहरुले बेलैमा कच्चा पदार्थ सुरक्षित गर्न सक्ने अवस्था रहने र ६० वर्षदेखि एउटै ढर्रामा चलिरहेको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको भूमिकामा समयसापेक्ष सुधार र परिवर्तन आवश्यक रहेको उनले बताए । प्याकुरेलले बजारमा व्याप्त नकारात्मक सेन्टिमेन्टका कारण पनि औद्योगिक वातावरण बिग्रँदै गएकाले यसतर्फ सरकार गम्भीर हुनुपर्नेमा बताए ।

उद्योग संघ मकवानपुरका अध्यक्ष बद्रीनाथ शर्माले अन्तर्राष्ट्रिय क्षेत्रमा देखिएको युद्धको प्रभावले हेटौंडाका उद्योगहरु धराशायी हुने स्थितिमा पुगेको बताए । अध्यक्ष शर्माका अनुसार हेटौंडा औद्योगिक क्षेत्रमा रहेका उद्योगहरु पूर्णतः आयातित कच्चा पदार्थमा निर्भर रहेकाले बाह्य द्वन्द्वको असर सिधै उत्पादनमा देखिएको हो । विशेषगरी पेट्रोलियम पदार्थमा आधारित कच्चा पदार्थ प्रयोग गर्ने प्लास्टिक उद्योगहरु सबैभन्दा बढी प्रभावित भएका उनले बताए । अध्यक्ष शर्माले प्लास्टिक मात्र नभई खाद्य उद्योगहरु समेत संकटमा रहेको औंल्याए। स्वदेशी कच्चा पदार्थ नहुँदा पिठो उद्योगका लागि गहुँ समेत बाह्य मुलुकबाटै आयात गर्नुपर्ने बाध्यता रहेको उनले बताए ।

'हेटौंडामा करिब २८ देखि ३२ वटा प्लास्टिक उद्योगहरु छन् । प्लास्टिकका दानाहरु पेट्रोलियम उत्पादनबाटै बन्ने भएकाले अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य बढ्ने बित्तिकै हेटौंडाका उद्योगहरुमा प्रत्यक्ष असर परिसकेको छ', उनले भने, 'नेपालका ठूला स्टकिस्ट र व्यापारीहरुले यसै बहानामा कच्चा पदार्थको भाउ ५० देखि ५५ प्रतिशतसम्म बढाइसकेको र बजारमा कृत्रिम अभाव समेत सिर्जना गर्न थालिएको छ । पहिले युक्रेनबाट गहुँ आउँथ्यो । अहिले भारत वा तेस्रो मुलुकबाट आउने सामग्रीमा पनि ढुवानी र मूल्यको समस्या देखिएको छ ।'

अहिलेको परिस्थिति लम्बिँदै गएमा हेटौंडाका धेरै उद्योगहरु बन्द हुने अवस्थामा पुग्ने शर्माको भनाई छ। बाह्य अवरोधका कारण कच्चा पदार्थको आपूर्ति शृंखला बिग्रँदा औद्योगिक क्षेत्रको उत्पादन कटौती र आर्थिक मन्दीको जोखिम बढेको शर्माको भनाई छ । उक्त विषयमा उद्योग संघ मकवानपुरले नेपाल उद्योग परिसंघ लगायतका माथिल्लो निकाय र महासंघहरुसँग अनौपचारिक संवाद र छलफल गरिरहेको उनले बताए ।

### उद्योग संचालनमै समस्या : कुँवर

औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय हेटौंडाका क्षेत्र व्यवस्थापक संगीता कुँवरले कच्चा पदार्थको अभाव र मूल्यवृद्धिका कारण उद्योगहरु बन्द हुने अवस्थामा पुगेको बताइन् । कुँवरका अनुसार बाह्य मुलुकबाट आउने कच्चा पदार्थमा निर्भर उद्योगहरु, विशेषगरी प्लास्टिक उद्योगहरु सबैभन्दा बढी प्रभावित भएका छन् ।

'प्लास्टिकका दानाहरु बाहिरबाटै आउनुपर्ने हुन्छ। अहिलेको स्थिति हेर्दा उद्योगहरुसँग भएको मौज्दातले १५ दिनदेखि बढीमा एक महिनासम्म मात्र उत्पादन धान्न सक्ने देखिन्छ', उनले भनिन्, 'अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य वृद्धि र कच्चा पदार्थको बढ्दो लागतका कारण उत्पादन प्रक्रिया महँगो भएको छ। हेटौंडा औद्योगिक क्षेत्रका अधिकांश उद्योगहरुमा तेस्रो मुलुकबाट आउने कच्चा पदार्थमा आधारित रहेकाले यो समस्या प्लास्टिकमा मात्र सीमित नभई खाद्यान्न लगायतका अन्य क्षेत्रमा पनि देखिन थालेको छ ।'

उनका अनुसार हेटौंडा औद्योगिक क्षेत्रमा हाल कुल १४७ वटा उद्योगहरु मध्ये १२६ वटा सञ्चालनमा छन्। तर, ती उद्योगहरु पनि अहिले आफ्नो पूर्ण क्षमतामा चल्न नसकेको उनको भनाई छ । कतिपय उद्योगहरु ४० देखि ५० प्रतिशत क्षमतामा मात्र सञ्चालन भइरहेका उनले बताइन् । उत्पादनमा आएको गिरावटले आगामी दिनमा रोजगारीमा समेत प्रत्यक्ष असर पर्ने निश्चित देखिए पनि यसको यकिन तथ्यांक भने संकलन भइनसकेको उनले बताइन्। औद्योगिक क्षेत्रमा देखिएको उक्त संकट समाधानका लागि कार्यालयले माथिल्लो निकायसँग समन्वय गरिरहेको उनले बताइन् ।

'हामीले अनौपचारिक रूपमा केन्द्र र मन्त्रालयलाई वस्तुस्थितिको जानकारी गराइरहेका छौं। थप केही समयको अवस्था हेरेर नीतिगत सुधारका लागि उद्योग मन्त्रालय र सम्बन्धित तालुकदार निकायमा औपचारिक रुपमा पहल गर्ने प्रक्रिया अगाडि बढाउनेछौं', उनले भनिन् ।

### बागमतीमा बजेट निर्माण प्रक्रिया सुरू

# आगामी बजेट १७ अर्बले घट्ने

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि बजेट निर्माणको गृहकार्य सुरु गरेको छ। प्रदेश सरकार अन्तर्गतको आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट निर्माणका लागि स्रोत अनुमान तथा मूल्यांकन गरेको हो । मंगलबार बसेको प्रदेश सरकारको बजेटको स्रोत व्यवस्थापन समितिको बैठकले प्रदेशको वर्तमान आर्थिक अवस्थाको समीक्षा गर्दै आगामी बजेटको सम्भावित आकार र स्रोतहरुको बाँडफाँड निर्धारण गरेको हो । आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङको नेतृत्वमा रहेको उक्त समितिमा मन्त्रालयका निमित्त सचिव नुमानन्द अधिकारी, बजेट महाशाखा प्रमुख तथा नेपाल राष्ट्र बैंकका निर्देशक सदस्य रहने व्यवस्था रहेको छ। सो समितिको बैठकले प्रदेश सरकारको चालु आर्थिक वर्षको राजस्व संकलनको स्थिति अनुसार आगामी वर्षको बजेटको स्रोत पहिचान तथा निर्धारण गरेको हो ।

मन्त्री तामाङका अनुसार आगामी आर्थिक वर्षको बजेट चालु आर्थिक वर्षको तुलनामा निकै खुम्चिएर आउने देखिएको छ । समितिको मूल्यांकन अनुसार आगामी वर्षको बजेट चालु आर्थिक वर्षको तुलनामा करिब १७ अर्ब रुपैयाँ (२५.८९ प्रतिशत) ले घट्ने अनुमान गरिएको छ। मन्त्री तामाङले आगामी आर्थिक वर्षका लागि करिब ५० अर्ब रुपैयाँको हाराहारीमा बजेट तयार गर्ने गरी स्रोतहरुको अनुमान गरिएको बताए। सरकारले ४७ अर्ब रुपैयाँलाई आधारभूत आकार निर्धारण गरेको भए तापनि केही अत्यावश्यक र थप योजनाहरु समावेश गर्दा बजेटको सीमा ५० अर्बसम्म पुग्न सक्ने बताइएको छ। चालु आर्थिक वर्षमा ६७ अर्ब ४७ करोड रुपैयाँको बजेट कार्यान्वयन गरेको प्रदेश सरकारले आगामी वर्षमा ५० अर्ब भन्दा बढीको बजेट ल्याउन सक्ने अवस्था नरहेको उनले बताए।

प्रदेश सरकारको बजेटको आधारमा बाँडफाँडप्राप्त हुने राजस्व अधिक रहेको उनले बताए । बाँडफाँडप्राप्त हुने राजस्वबाट प्रदेश सरकारले बजेटमा ३० अर्ब ८९ करोड रुपैयाँ प्राप्त गर्न अनुमान गरिएको छ। जुन कुल बजेटको ५० प्रतिशतभन्दा बढी हिस्सा रहेको छ । आगामी बजेटमा संघीय अनुदान तर्फको रकम पनि घट्ने अनुमान गरिएको मन्त्री तामाङको भनाई छ । उनका अनुसार संघीय सरकारले संविधानको व्यवस्था अनुसार प्रदान गर्ने विभिन्न शिर्षकको अनुदान वापतको रकम १३ अर्ब ८१ करोड रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ । प्रदेश सरकारको आन्तरिक आयतर्फ हिस्सा भने कुल बजेटमा ४ अर्ब १२ करोड रुपैयाँ रहेको उनले बताए। चालु आर्थिक वर्षको बजेट कार्यान्वयन पश्चात नगद मौज्दात ५ अर्ब रुपैयाँ रहने भएकाले बजेटको आकार खुम्चिने अवस्था रहेको उनले बताए। विगतमा नगद मौज्दात पनि बढी हुने भएकाले बजेटको आकार बढी हुने गरेको तर, आगामी वर्ष नगद मौज्दात पनि घट्ने अवस्था रहेको उनको भनाई छ ।

मन्त्री तामाङका अनुसार जेनजी आन्दोलन, विपद् व्यवस्थापनको दबाब र निर्वाचन लगायतका कारणले राजस्व संकलनमा प्रत्यक्ष असर परेको छ। यसका साथै संघीय सरकारबाट प्राप्त हुने अनुदानमा भइरहेको निरन्तर कटौतीले प्रदेशको बजेट निर्माणमा ठूलो चुनौती थपेको उनले बताए । प्रदेश सरकारले खर्च गर्न नसकेको २ अर्ब रुपैयाँभन्दा बढीको अनुदान रकम संघीय सरकारलाई नै फिर्ता गर्नुपर्ने अवस्था रहेकाले पनि उपलब्ध स्रोतमा थप संकुचन आएको उनले बताए ।

'हामीसँग भएका सीमित स्रोत र वर्तमान आर्थिक सूचकहरुले ५० अर्बभन्दा ठूलो बजेट बनाउन अनुमति दिँदैनन् । त्यसैले आगामी वर्षको बजेट यथार्थपरक र प्राथमिकताका आधारमा केन्द्रित हुनेछ', उनले भने, 'स्रोत व्यवस्थापन समितिले तथ्यांक र मार्गनिर्देशनका आधारमा अब प्रदेशका विभिन्न मन्त्रालयहरुले आ-आफ्नो योजना र कार्यक्रमको खाका तयार पार्नेछन् । राजस्व संकलनको लक्ष्य भेट्टाउन कठिन भइरहेको अवस्थामा प्रदेश सरकारले खर्च कटौती र उत्पादनमुखी कार्यक्रममा जोड दिनुपर्नेछ ।'

प्रदेश सरकारले आगामी वर्षको बजेट निर्माणका लागि केही दिनमा नै मन्त्रालयगत रुपमा सिलिङ पठाउने तयारी गरेको उनले बताए। मन्त्रालयहरुको सिलिङ पनि घट्ने हुँदा कुन कुन सेक्टरमा घटाउने भन्ने विषयमा गृहकार्य भइरहेको उनको भनाई छ। आगामी आर्थिक वर्षको बजेटलाई व्यवस्थित र प्रभावकारी बनाउन बजेट निर्माण मार्गदर्शनसहित आर्थिक मामिला तथा योजना मन्त्रालयले विभागीय मन्त्रालयहरुलाई पत्राचारको तयारी गरेको उनले बताए ।

# करेन्ट लागेर बकैयाका वडा सदस्य गोलेको मृत्यु



घटनास्थलमै मृत भेटिएका ज्ञानबहादुर गोले ।

समाज संवाददाता

हेटौंडा : मकवानपुरको बकैया गाउँपालिका-११ का वडा सदस्य ज्ञानबहादुर गोलेको करेन्ट लागेर मृत्यु भएको छ । मंगलबार बिहान वडा समितिको नियमित बैठकमा सहभागी हुन बकैया-११, पिपलडाँडास्थित घरबाट आँपचौरस्थित वडा कार्यालय जाँदै गरेका गोलेको घरदेखि २ सय मिटर टाढा बाटोमा चुँडिएर लत्रिएको विजुलीको तारमा परेर करेन्ट लागेको वडाध्यक्ष गोपाल न्यासुरले जानकारी दिनुभयो ।

४२ वर्षीय न्यासुर २०७४ र २०७९ को स्थानीय निर्वाचनमा नेपाली काँग्रेसबाट वडा सदस्य निर्वाचित हुनुभएको हो । 'हावाहुरीका कारण विजुलीको तार चुँडिएर लत्रिएको रहेछ । वडाको बैठकमा सहभागी हुन आउँदै गर्दा बिहान ८ बजेको समयमा करेन्ट लागेको हुन सक्छ । विद्यालय जाने बेलामा विद्यार्थीहरुले देखेपछि मात्रै थाहा भयो । उहाँको घटनास्थलमै मृत्यु भएको हो', वडाध्यक्ष न्यासुरले भन्नुभयो । गोलेको श्रीमति र ६ महिनाकी छोरी छिन् ।

# गाँजासहित राक्सिराङका अक्कलप्रसाद पक्राउ




गाँजा तस्करीमा प्रयोग भएको गाडी र गाँजा ।

समाज संवाददाता

हेटौंडा : लागूऔषध गाँजासहित मकवानपुर प्रहरीले एकजनालाई पक्राउ गरेको छ। लागूऔषध गाँजा तस्करी गर्दै गरेको अवस्थामा गाडीसहित प्रहरीले राक्सिराङ गाउँपालिका-४, सितताकका २० वर्षीय अक्कलप्रसाद स्याङ्तानलाई पक्राउ गरेको छ ।

मंगलबार बिहान ६ बजेर १० बजेको समयमा इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरी टोलीले मनहरी गाउँपालिका-९ स्थित हरियाली सामुदायिक जंगलको भित्री बाटोमा राक्सिराङ गाउँपालिका-१, भाबरबाट मनहरी गाउँपालिका-९ को खरंगातर्फ आउँदै गरेको बा १३ च २०१४ नम्बरको गाडीबाट प्रहरीले १ सय ७१ केजी लागूऔषध गाँजा बरामद गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

प्रहरीले बरामद भएको लागूऔषधसहित लागूऔषध तस्करीमा प्रयोग भएको गाडी र चालक स्याङतानलाई नियन्त्रणमा लिएर आवश्यक कारवाही र थप अनुसन्धान गरिरहेको जनाएको छ ।



## सम्पादकीय

# सरकार परिवर्तनको चर्चा

बागमती प्रदेशमा सरकार परिवर्तनको संकेत देखिएको छ । २०८१ साउनमा नेपाली कांग्रेसका तत्कालीन मुख्यमन्त्री बहादुर सिंह लामा र नेकपा एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाबिच भएको सहमतिबमोजिम सरकार परिवर्तन हुने सम्भावना बढाएको छ । बागमती प्रदेशमा कांग्रेस र एमालेले सत्ता साझेदारी गरेर आलोपालो सरकारको नेतृत्व गर्ने सहमतिबमोजिम कांग्रेसले मुख्यमन्त्री एमालेलाई दिनुपर्ने भएको हो । प्रदेश सरकारको नेतृत्व २/२ वर्ष गर्ने सहमतिबमोजिम चैत मसान्तपछि सरकारको नेतृत्व एमालेले लिनुपर्ने दबाब एमालले बढाएको छ । गत साउनमा मुख्यमन्त्री लामालाई हटाएर मुख्यमन्त्री बनेका इन्द्रबहादुर बानियाँ नेतृत्वको सरकारको कार्यसम्पादन प्रभावकारी बन्न नसकिरहेको अवस्थामा सरकार परिवर्तनको चर्चाले प्रदेश सरकारको गति झनै सुस्त बन्ने सम्भावना बढेको छ । सत्तारुढ दलहरुबिच सभामुख नियुक्तिको विषयलाई लिएर ६ महिनाभन्दा बढी समयदेखि मतभिन्नता चलिरहँदा सरकार परिवर्तनको थप रस्साकस्सी सुर भएको छ ।

सत्ता साझेदार कांग्रेस र एमालेबिच भएको भनिएको समझदारीअनुसार सरकारको नेतृत्व परिवर्तन हुने प्रबल सम्भावना रहे पनि कांग्रेसले सभामुखको पदसँग बार्गेनिङ गरिरहेको बताइन्छ । असोजदेखि रिक्त रहेको प्रदेशसभाको सभामुखमा आ-आफ्नो दावीका कारण प्रदेशसभा बैठकसमेत डाक्न नसकेका सत्तारुढ दलहरु सरकारको नेतृत्व परिवर्तन गर्ने वा नगर्ने विषयमा सहजै सहमत हुने सम्भावना देखिँदैन । कांग्रेसले सरकारको नेतृत्व एमालेलाई हस्तान्तरण गर्नुपर्ने र अहिलको परिस्थितिमा सरकार परिवर्तन आवश्यक नभएको दुई पक्षधर एमालेभित्रै देखिएको छ । कांग्रेस सहजै सरकारको नेतृत्व छोड्न तयार हुने सम्भावना न्यून बनिरहेको अवस्थामा एमालेभित्र दुई धार देखिँदा परिस्थिति थप असहज बन्ने अनुमान गर्न सकिन्छ । एमाले संसदीय दलका नेता र प्रमुख सचेतकहरु विगतको सहमतिअनुसार चैतभित्रै एमालेले नेतृत्व पाउनुपर्ने अडानमा छन् । एमालेकै केही प्रदेशसभा सदस्यहरु बदलिएको राजनीतिक परिस्थितिमा सरकार वा गठबन्धन परिवर्तनको औचित्य नरहेको बताइरहेका छन् ।

लामो समयदेखि सभामुखमा आ-आफ्नो दावी गर्दै आएका कांग्रेस र एमालेले मुख्यमन्त्री र सभामुखको भागबण्डा गर्नेचाहिँ अब निश्चितजस्तै भएको छ । अहिले सरकारको नेतृत्व गरिरहेको कांग्रेसले हालसम्म सभामुखमा पनि आफ्नो दावी गरिरहेको अवस्थामा अब कांग्रेसले एमालेलाई सभामुख दिएर सरकारको नेतृत्वलाई निरन्तरता दिने प्रयास गर्नेछ । यसो नभएमा एमालेलाई सरकारको नेतृत्व दिएर आफूले सभामुख लिनेछ । यो दुबै विकल्पमा सहमति नभएमा सत्ता गठबन्धनमै परिवर्तन हुनसक्ने सम्भावनालाई पनि नकार्न सकिँदैन । प्रदेशको प्रशासनिक संरचनामा सुधार गर्दै सरकारको प्रभावकारिता वृद्धि गर्नका लागि गठन गरिएको कार्यदलले दिएको प्रतिवेदन कार्यान्वयन गर्न सरकार पुनर्गठन गर्ने चर्चा पनि सत्ता साझेदार दलहरुबिच चलिरहेको देखिन्छ ।

अपेक्षित कार्यसम्पादन गर्न नसकेको बागमती प्रदेश सरकारलाई अहिलेकै अवस्थामा निरन्तरता दिइरहनु उचित देखिँदैन । सरकारको नेतृत्व परिवर्तन गरेर वा पुनर्गठन गरेर भए पनि सरकारलाई चुस्त-दुरुस्त बनाएर अघि बढ्नु आवश्यक छ । हालैको प्रतिनिधिसभा सदस्य निर्वाचन परिणामले दलहरुको हैसियत परिवर्तन गरेको अवस्थामा सरकारको नेतृत्व परिवर्तनभन्दा सरकारलाई प्रभावकारी र गतिशील बनाउने अन्य विकल्प अपनाउनु उचित हुने देखिन्छ । कांग्रेस र एमालेले विगतजस्तै सत्ता प्राप्तिमा बार्गेनिङ गरिरहने हो भने आगामी निर्वाचनमा झन् ठूलो पराजय बेहोर्नुपर्ने सम्भावनालाई स्मरण गर्नु उचित हुनेछ । सरकारको नेतृत्व परिवर्तनको विषयले प्रदेशसभालाई थप बन्धक बनाउन सक्ने भएकाले यसतर्फ पनि दलहरु गम्भीर बन्नुपर्ने अवस्था छ ।

# असामान्य विश्व व्यवस्थामा नेपालको भूमिका



✍अस्मिता बर्मा

पछिल्लो अन्तर्राष्ट्रिय वृत्तचित्रमा गएको वर्ष अर्थात् सन् २०२५ मा मात्रै एशियाभर फैलिएका जेनजी प्रदर्शनले पश्चिम अफ्रिकाका मुलुकहरू टोगोदेखि मडागास्कर हुँदै क्यारेबियन क्षेत्रसम्म र विश्वका अन्य भागहरूसम्म पनि प्रभाव पारेको देखिन्छ । यी प्रदर्शनहरूको परिणामस्वरुप मडागास्कर र नेपाल जस्ता देशमा जनताकै मतबाट निर्माण भएका सत्ता समाप्त भए ।

यी मुलुकले जेनजी विद्रोहकै कारण निकै ठूलो सङ्कट व्यहोरे । नेपाललगत्तै मडागास्करमा जेनजी विद्रोह शुरु भएको थियो । मडागास्करमा भएको प्रदर्शनमा सेनाको ठूलो हस्तक्षेप रह्यो । हाल सेनाका एक जना कर्णेल राष्ट्रपति बनेका छन् । त्यसयता मडागास्करको भविष्य अनिश्चित बनेको छ ।

नेपालको सन्दर्भमा जेनजीकै मागअनुरूप समयअघि नै प्रतिनिधिसभा विघटन गरी पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा चुनावी सरकार गठन गरियो । कार्कीलाई प्रधानमन्त्री बनाउन जेनजीहरूले नै डिस्कर्ड मार्फत अनुमोदन गरेका थिए । कार्की सरकारले तोकिएकै फागुन २१ अर्थात् मार्च ५ मा निर्वाचन सम्पन्न गरायो । जनताको जनादेश अनुसार आउँदो साता नयाँ सरकार गठन हुनेछ ।

जेनजी नेतृत्वमा भएका पछिल्ला एशियाकेन्द्रित विद्रोहपछि जहाँ जहाँ निर्वाचन भए, त्यहाँको निर्वाचन परिणाम भने जेनजीको पक्षमा निकै न्यून देखिएको छ । नेपाल भने अपवाद बन्यो ।

नीति-निर्माणमा आउने युवा चाहनालाई ती देशका मतदाताले अस्वीकार गरेका छन् । जस्तै, नेपालको आडैमा रहेको बंगलादेशमा नेपालभन्दा केही दिनअघि आमनिर्वाचन सम्पन्न भएको थियो । सन् २०२४ को मध्यतिर शेख हसिना शासन विरुद्ध ठूलो विद्यार्थी आन्दोलन भयो। युवाहरूको अगुवाइमा भएको आन्दोलनले हसिनाको सरकार ढाल्यो । उनी सत्ताच्यूत मात्रै भइनन्, देशै छाडेर भारतको शरण लिनुपर्ने अवस्थामा पुगिन् । नोवेल पुरस्कार विजेता मोहम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकार बन्यो । त्यसले १३ फेब्रुअरी २०२६ मा आमनिर्वाचन तथा जनमत संग्रहको आयोजना गऱ्यो । सो निर्वाचनले आन्दोलनको नेतृत्व गरिरहेका युवालाई निराश बनाइदियो ।

आन्दोलनपछि 'नेसनल सिटीजन पार्टी' दर्ता गरी युवाहरू निर्वाचनमा सहभागी भएका थिए । उनीहरुले केही प्रतिशत मत मात्र जित्दा पूर्वप्रधानमन्त्री बेगम खालिदा जियाका छोरा तरिक रहमानले नेतृत्व गरेको बंगलादेश नेशनल पार्टी (बीएनपी) ले प्रचण्ड बहुमत प्राप्त गऱ्यो । यो पार्टीले १५ वर्षपछि सत्तामा पुनरागमन गऱ्यो ।

बंगलादेशको निर्वाचन परिणामबारे त्यसबेला नेपालमा पनि निकै चर्चा भएको थियो । चर्चा पाउनुको प्रमुख कारण नेपाल पनि निर्वाचनको सँघारमा थियो । यहाँ परम्परागत राजनीतिक दलहरू र साढे तीन वर्षअघि खुलेको राष्ट्रिय स्वतन्त्र पार्टी बीच प्रतिस्पर्धाको अनुमान गरिएको थियो । यसको खास कारण थियो, जेनजी आन्दोलनको आइकन भनेर विश्वव्यापी ब्रान्डिङ गरिएका बालेन्द्र शाहको रास्वपा प्रवेश ।

जेनजी आन्दोलनपछि नेपालमा पनि बंगलादेशमा जस्तै युवा समूहले नयाँ दल निर्माणको प्रयास गरेका थिए । नयाँ दल गठन गर्नु आफैंमा सहज कुरा थिएन । राजनीतिक दलका विचारात्मक र आर्थिक दृष्टिकोण हुन्छन् । जेनजीका सबैभन्दा बलियो व्यक्तित्व मानिएका बालेनले वैकल्पिक राजनीतिक शक्तिको रूपमा उदीयमान रास्वपासँग समायोजन हुन धेरै सहज महसुस गरे । रास्वपाले जेनजीका मागलाई विशेष महत्व दिँदै स्वामित्वमा लियो र निर्वाचनको मुख्य एजेण्डा नै बनायो । अधिकांश जेनजी आन्दोलनका हिस्साहरू पनि सोही पार्टीमा समाहित भए ।

आन्दोलनको नेतृत्व गरेका थुप्रै प्रत्यक्षतर्फ नै उम्मेदवार बनेका थिए। राजनीतिमा लामो योगदान, संघर्ष वा बलिदान भए पनि उनीहरू सामाजिक सञ्जालमा ट्रेन्डिङमा थिए । त्यसैले परम्परागत पार्टीका नेताहरू भन्थे, 'सामाजिक सञ्जालमा चर्चित अनुहार त्यतै खुम्चिनेछन् । बंगलादेशमा जस्तै यहाँ पनि मतदाताले परम्परागत राजनीतिक दललाई नै पुनः अनुमोदन गर्नेछन् ।' तर भइदियो उल्टो । परम्परागत शक्तिहरू निकै सानो आकारमा खुम्चिंदा रास्वपा झन्डै दुईतिहाइ बहुमतको शक्ति बनेर संसद् पुग्यो ।

माथि नै चर्चा गरिसकिएको छ, जेनजी आन्दोलनपछि धेरै मुलुकमा यस्तो हुन सकेन । नेपाल अपवाद जस्तै बन्यो। अझ भन्ने हो भने सामाजिक सञ्जालद्वारा प्रेरित सुशासन, पारदर्शिता, आर्थिक अवसर र अभिव्यक्ति स्वतन्त्रताको पक्षमा भएका अन्य आन्दोलनहरु जनअनुमोदित हुन नसक्दा नेपालको हकमा भने बहुसंख्यक नेपाली मतदाताले त्यसलाई अपनत्व स्थापित गरिदिए ।

निर्वाचनको परिणामले नेपालको इतिहासमा २०४६ सालको बहुदलीय लोकतन्त्रको पुनर्स्थापनापछि पहिलो पटक स्थापित राजनीतिक दलहरूको अधोगतिको संकेत देखाएको छ । धेरैले रास्वपाका नेता रवि लामिछाने र बालेन्द्र शाहका व्यक्तिगत प्रभाव र सामाजिक सञ्जालको प्रवाहका कारणले यो जनादेश प्राप्त भएको तर्क गरेका छन् । तर नवनिर्वाचित केही रास्वपाका नेताहरूले भने पहिलो पटक मिडिया सामना गर्दा नै दुई नेताहरू शाह र लामिछानेकै लोकप्रियताको कारणले मात्रै यो शानदार जित हासिल गरेको बुझाइलाई अस्वीकार गरेका छन् । बरु यसलाई जनताले चाहेको परिवर्तनको पक्षमा आएको जनलहरको रूपमा स्वीकार गरेका छन् ।

यसको बुझाइमा आएको वैचारिक मतमा फरक आए पनि यस निर्वाचनले मुलुकलाई यथास्थितिको अवस्था (स्ट्याटस) बाट बाहिर ल्याएको छ । साथै, यो निर्वाचनले नयाँ अनुहारहरूसँगै आशाको सगरमाथा, बाचा, निराशा र महत्वाकांक्षा समेत एकसाथ लिएर सरकारको बाटो तय गर्दैछ ।

अब म मध्य-पूर्व क्षेत्रतिरको अवस्था केही उल्लेख गर्न चाहन्छु। यो विषय जोड्नुको कारण उक्त क्षेत्रमा तीव्र रूपमा बढिरहेको इजरायल, इरान र अमेरिका बीचको तनावको गम्भीरतासँगै त्यहाँ रहेका लगभग १८ लाख नेपाली जसले पछिल्लो निर्वाचनमा सामाजिक सञ्जाल र संवाद मार्फत आफ्ना नेपालमा भएका परिवारहरूलाई परिवर्तनको पक्षमा मतदान गर्न व्यापक आह्वान नै गरेका थिए । संसारभर छरिएर रहेका नेपालीले मताधिकारबाट वञ्चित रहनु परे पनि 'भर्चुअल' तवरबाटै मुलुकमा युवाले ल्याएको नयाँ परिवर्तन र जनताको विजयको सामूहिक साक्षी बनेका छन् ।

निर्वाचनपछि बन्ने सरकारले कस्तो आन्तरिक, आर्थिक र अन्तर्राष्ट्रिय नीति र कार्ययोजना अवलम्बन गर्नेछ भन्ने विचार र विमर्श शुरु भइसकेको छ । यसै साता बालेन्द्र शाह प्रधानमन्त्री बन्दैछन् । रास्वपाको वाचापत्रमा उल्लेख गरिएअनुसार राज्यव्यवस्था र संरचनागत परिवर्तनलाई लिएर वर्तमान अस्तित्वमा रहेका ढाँचालाई नै निरन्तरता दिइने जस्तो बुझ्न सकिन्छ । संविधान संशोधनको विषयमा रास्वपाको दृष्टिकोण अन्य दलको भन्दा फरक देखिन्छ । राष्ट्रिय नीतिहरुको अवलम्बनमा नयाँपन भन्दा पनि राजनीतिक व्यवहार र जिम्मेवारी सहित संस्कार बोकेर काम गर्ने जस्तो देखिन्छ । युवा शक्ति धेरै रहेको यस मुलुकमा उनीहरु नै नेतृत्वदायी भूमिकामा आएका छन् । यसले राज्यको आगामी योजना युवामैत्री हुने अनुमान गर्न सकिन्छ ।

सरकारका प्रारम्भिक दिनहरू कार्यभारका कुरामा भने नयाँ प्रतिनिधिहरूलाई केही हदसम्म चुनौतीपूर्ण नै देखिन्छ । शायद यसै विषयलाई मध्यनजर गरी रास्वपाले आफ्ना नवनिर्वाचित जनप्रतिनिधिहरूलाई अभिमुखीकरण कार्यक्रमको समेत आयोजना गरेको छ । विधिको शासनको प्रत्याभूति जनताले तब मात्रै गर्न सक्छन् जहाँ नेता, कर्मचारीतन्त्र/राज्यको संरचना र आम नागरिकको सामूहिक प्रयासमा विधिको शासन सुशासनलाई कुशल प्रशासनभन्दा माथि नेपालको सशक्तीकरणको मुख्य सूचकको रूपमा अगाडि सारिन्छ ।

संसदीय प्रणालीमा प्रशासनिक संयन्त्र 'व्युरोक्रेसी'ले मुख्य भूमिका खेल्छ जहाँ राज्यको संरचना व्यक्तिभन्दा महत्वपूर्ण हुन्छ । राजनीतिक समीकरणमा उतार-चढाव आए पनि राज्यका संरचनाहरू सधैं चलायमान हुन्छन् । समग्रमा, राष्ट्रिय नीतिमा कम्पास पूरै घुम्ने जस्तो भन्दा पनि कार्यसंस्कृति, जवाफदेहिता, आर्थिक पारदर्शिता र सेवाप्रवाहमा लक्षित हुने कुरा बुझ्नुपर्छ ।

चुनावी वाचापत्र र पार्टीको अन्तर्राष्ट्रिय मामिला विभागको दस्तावेजहरूको अध्ययन गर्दा परराष्ट्रनीतिमा जुन जग बसाइएको छ त्यसैको आधारमा परम्परागत मूल्यमान्यतालाई नै विशेष स्थान दिन खोजेको देखिन्छ । जसमा एशियाकेन्द्रित उदाउँदो अर्थतन्त्रबाट नेपालले परम्परागत 'बफर' क्षेत्रबाट उठेर दक्षिण छिमेकी भारत र उत्तर छिमेकी चीनलाई लक्षित गरी 'भाइब्रेन्ट पुल' को रूपमा काम गर्ने उल्लेख गरिएको छ । एक चीन नीतिलाई निरन्तरता दिने उल्लेख गरिएको छ ।

संयुक्त राष्ट्रसंघको बडापत्र र मान्यतामा आधारित विश्व व्यवस्थालाई अवलम्बन गर्ने उल्लेख गरिएको छ । पञ्चशील र असंलग्न नीतिलाई विदेश नीतिको आधार मानिएको छ भने गतिशील कूटनीतिका माध्यमबाट अन्य देशहरुसँग सम्बन्ध बढाउने उल्लेख गरिएको छ । राजा वीरेन्द्रकालीन नेपालको शान्ति क्षेत्रको विषयमा ध्यान दिन खोजिएको छ । समग्रमा, नेपालको संवैधानिक सिद्धान्तद्वारा निर्देशित विषयलाई नै जस्ताको त्यस्तै निरन्तरता दिने अनुमान गर्न सकिन्छ ।

अहिलेको अपूर्ण विश्व व्यवस्थाको विषयमा त हामीलाई अवगत नै छ । अझै यसलाई यसरी बुझौं, हामी एक तवरले असामान्य, दिशाहीन अथवा विभिन्न विश्व व्यवस्थाको बीचमा छौं । पछिल्ला केही वर्षमा मात्रै १० औंको संख्यामा राष्ट्रहरू बीच ठूल्ठूला संघर्षहरू भएका छन् । जसमध्ये युक्रेन र युरोपेली सुरक्षा, इजरायल-प्यालेस्टाइन, अमेरिका र मेक्सिको, हाइटी, कोरियाली प्रायद्वीप, इजरायल-इरान-अमेरिका र अमेरिका-चीन व्यापार द्वन्द्व जस्ता संघर्षहरूको अन्तरसम्बन्ध द्वन्द्वहरूले अनपेक्षित परिणाम निम्त्याउन सक्ने देखिन्छ ।

करिब हजार वर्षअघि भारतीय दार्शनिक कौटिल्य जसलाई चाणक्य पनि भनिन्छ, उनले मूल्यमा आधारित राजनीतिक यथार्थवादको आफ्नो महान् ग्रन्थ अर्थशास्त्रमा उल्लेख गरेका थिए । जसको अन्तर्राष्ट्रिय प्रणाली प्रतिस्पर्धात्मक र स्वार्थद्वारा प्रेरित रहेको हुन्छ । आज हामी साक्षी बनेको विश्व व्यवस्थामा चाणक्यको अर्थशास्त्रमा उद्धृत भनाइहरू धेरै सार्थक देखिन्छन् । आजको भू-राजनीति ठ्याक्कै ठूला शक्तिहरूको प्रतिस्पर्धा बीच प्रधान रहेको छ । परिणामस्वरुप नियम र मूल्यमा आधारित अन्तर्राष्ट्रिय व्यवस्थामाथि सबैभन्दा ठूलो खतरा बढेको छ ।

नेपालले पछिल्लो समय हेड्जिङ्ग रणनीतिलाई राम्रैसँग अपनाएको देखिन्छ । दुई छिमेकी भारत-चीन र तेस्रो मित्र राष्ट्र अमेरिकासँग नेपालको राष्ट्रिय स्वार्थमा निहित हुने गरी गतिशील कूटनीतिका माध्यमबाट विदेश नीतिका साधनहरु अगाडि सारिएको छ । यसमा राज्यको विदेश नीति कार्यान्वयन गर्ने जिम्मेवारीमा रहेका व्यक्तित्वहरूको विशेष योगदान रहेको छ ।

नयाँ सरकारले अवलम्बन गर्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय नीति/कार्यक्रमलाई विशेष चासोका साथ हेरिएको छ । रास्वपाबाट दुई कार्यकाल सांसद बनिसकेका शिशिर खनालले भारतको एक राष्ट्रिय दैनिकमा दिएको अन्तरवार्तामा आगामी दिनमा नेपाल-भारत सम्बन्ध नयाँ उचाइमा पुग्ने विश्वास प्रकट गरेका छन् । नेपाल-भारत बीचको सीमा विवाद पनि राजनीतिक टकरावबाट नभई गतिशील कूटनीतिको माध्यमबाट समाधानको बाटोतर्फ अगाडि बढ्ने मानिएको छ ।

नयाँ सरकारले बीआरआई फ्रेमवर्कमा सहभागी हुने योजना नरहेको बताएको छ । जुन विषयलाई चीनसँगको सम्बन्धमा नयाँ सरकारले लिएको नयाँ मोडको रूपमा बुझ्न सकिन्छ । खनालले केपी शर्मा ओली नेतृत्वको सरकारले बीआरआई परियोजनालाई आन्तरिक राजनीतिमा कार्डको रूपमा मात्रै प्रयोग गरेको तर्क पनि गरेका छन् । बरु प्रत्येक परियोजनाको समीक्षा गरी अहिले नेपालमा ती परियोजनाहरुको सम्भाव्यता, वित्तीय मोडालिटी र प्रतिफलका आधारमा निर्णय लिने बताएका छन् । यस्ता अभिव्यक्तिहरुले नेपाल-भारत सम्बन्धमा नाटकीय रूपमा सकारात्मक परिवर्तन आउनसक्ने अनुमान गर्न सकिन्छ ।


अन्त्यमा, नेपालले आगामी दिनमा अपनाउने राष्ट्रिय र अन्तर्राष्ट्रिय कार्ययोजना, राजनीतिक व्यवहार र नेतृत्वको अभिव्यक्तिले देश भित्र र बाहिर रहेका नेपालीलाई प्रत्यक्ष र परोक्ष प्रभाव पार्नेछ । पछिल्लो विश्व मानचित्रमा शक्तिशाली राष्ट्रहरू बीच उत्पन्न भएका शक्ति संघर्षहरूमा नेपाली जोडिन पुगेका छन् । अहिले ठूलो संख्यामा नेपाली विशव्यापी प्रणालीको हिस्सा बनेका छन् । शक्तिसम्पन्न राष्ट्रहरु बीचको बढ्दो शक्ति संघर्षका बाछिटाहरूबाट हामी अप्रभावित रहन सक्दैनौं । तसर्थ, हामीले ३६० डिग्री दृष्टिकोण बनाएर सतर्कतापूर्वक आजको असामान्य अवस्थासँग समानान्तर रूपमा अगाडि बढ्न सक्नुपर्छ ।

*(बर्मा, जेनेभामा अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीतिमा विद्यावारिधि गर्दैछिन् । स्रोतः अनलाईनखबर)*

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्कः ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : विचारलाई नियन्त्रण राख्दा राम्रो रहने छ । |
| वृष | : आत्मनिर्भरका काममा भुलिने समय योग छ । |
| मिथुन | : तर्क र बहसबाट विजय प्राप्त हुने समय छ । |
| कर्कट | : बौद्धिक क्षमता र सीप बढाइने समय छ । |
| सिंह | : आत्मविश्वासमा वृद्धि हुने समय योग देखिन्छ । |
| कन्या | : अध्ययन-अध्यापनका क्षेत्रमा मन जाने समय छ । |
| तुला | : शब्द र बचनमा बिचार पुऱ्याउँदा राम्रो रहने छ । |
| वृश्चिक | : धन र मानमा बढोतरी हुने समय योग छ । |
| धनु | : धार्मिक एवम् सामाजिक क्षेत्रका कामबाट लाभ । |
| मकर | : व्यक्तिगत प्रतिष्ठाका लागि अझै परिश्रम गर्नुपर्ला । |
| कुम्भ | : पारिवारीक जिम्मेवारी बढ्ने समय योग देखिन्छ । |
| मीन | : प्रतिष्ठा र मानका लागि परिश्रम खर्चनु पर्ला । |

# त्यो विवाह र आत्मानुभूति



✍पूजा खड्का



वि. सं. २०५० को दशकमा विवाह बन्धनमा बाधिएका थियौं । हाम्रो अन्तर जातीय प्रेम विवाह थियो । दुवै जना उमेरले 'टिन एज' मै थियौं तर आ-आफ्नो सामाजिक स्तर, पारिवारिक स्तर र मान मर्यादा राम्रोसँग बुझ्थ्यौं ।

मायाको अगाडि सर्वोपरी केही हुँदो रहेनछ । हाम्रा कलिला मष्तिष्कले त्यो बेला जे निर्णय लियो, त्यो जायज थियो भन्ने अनुभूति आज पनि छ । सम्बन्धप्रति दृढ र सन्तुष्ट छौं ।

अहिले लाग्छ- हामी त्यो समय उमेरले मात्रै कच्चा थियौं बाँकी राम्रो-नराम्रो, जिम्मेवारी, स्नेह र नैतिकताको कुरामा राम्रो हेक्का थियो ।

विवाहको केही वर्षपछि छोरीको जन्म भयो ६ वर्षको अन्तरालमा छोराको ।

हजुरबा, हजुराआमा, ठूलोबा, काकाहरूको संयुक्त छत्रछहारीमा छोरीछोराको हुर्काइ बढाइ सहजता भयो ।

छोरीले एस.एल.सी उतीर्ण गरेपछि थप पढाइका लागि काठमाडौंमा विद्यालयकै होस्टलमा बसेर कक्षा ११ पढ्न थालिन् ।

दिनहरू बित्दै गए छोराछोरी हुर्किंदै गए । पढाइका खुड्किलाहरू पार गर्दै गए । छोरीले स्नातक पास गरिन् ।

अहिले सन्तान कुनै कुलतमा नहुनु, विनम्र, नैतिकवान र व्यवहारिक हुनु भनेको निकै खुसीको कुरा हो । यसअर्थमा हामी आफूलाई भाग्यमानी ठान्छौं । छोरीको स्नातकोत्तर तहको अध्ययन चलिरहेको थियो । एक दिन नजिकै आएर भनिन्- मम्मी हजुरसँग केही कुरा गर्नुछ । सुरुमा त अलि आत्तिएँ ।

एकै पटक मनमा अनेक कुरा आए । अक्क न बक्क परेँ । केही मिनेटको मौनतापछि छोरीले मुख खोलिन- उनी प्रेममा रहिछिन् ।

अनि नयाँ खालका प्रश्नहरू मनमा उब्जिन थाले- को हो ? कहाँको हो ?, मान्छे कस्तो छ ?, परिवार कस्ता छन्....? यस्तै यस्तै ।

छोरीको बाबालाई कसरी बताउने, कसरी सहमत गराउने भनेर कयौं दिन बिताए तर जसरी पनि भन्नैपर्ने थियो । डराइडराइ सारा वृतान्त बताए । यो कुराले उहाँको मनमा पनि प्रश्नको बाढी चल्यो । कसैलाई केही प्रतिक्रिया नदिई छोरीलाई मेसेजबाट यसबारे जानकारी माग्नुभयो । केही समय शान्त रह्यो र समय आफ्नै गतीमा दौडिरहेको थियो ।

आफूलाई मनपर्ने केटा उनले स्नातकको दीक्षान्त समारोह सहभागी हुँदा हामीलाई भेटाइन् । उनले यसरी अकस्मात भेटाउँदा म भन्दा बढी छोरीको बाबा अचम्मित हुनुभयो ।

उहाँ एक हक्की, कम बोल्ने र अध्ययनशील व्यक्ति हुनुहुन्छ । उहाँमा एउटा खुबी छ -कम मान्छेसँग संगत गर्ने तर जतिसँग संगत छ सम्बन्ध हरतरहले निभाउने । उहाँको अनुभवले मान्छे छुट्टाउन धेरै समय लागेन र स्वीकार भयो छोरीको सम्बन्ध ।

उमेरले छोरी विवाह गर्ने भइसकेकी थिइन् तर हामीलाई उनी अझै सानै रहेको अनुभुति हुन्थ्यो । आफूलाई अन्य कुरामा परिपक्व ठानेता पनि छोरीको विवाह गर्दिने लायक परिपक्वता हामीमा थिएन । हामी थियौ त खाली सत्यलाई सपना ठानेको अवस्थामा । गएको गए दशैंमा बखत छोरीको हात माग्न केटा पक्षबाट आइहाले । कुरा अगाडि बढ्यो । गत फागुन २८ गते छोरीको विवाह सुसम्पन्न गर्यौं । छोरी खुसीका साथ बिदा भइन् ।आशुले भरिएका हाम्रा आँखा र मनभरी गाठोपारी हामीले ठन्यौ- बुबाआमाको परम कर्तव्य सफलताका साथ सम्पन्न गर्यौं ।

केही कुरा किताबबाट भन्दा अनुभवबाट प्राप्त हुँदोरहेछ । इष्टमित्र, आफन्तको सही परि भाषा पनि बुझिदो रहेछ । केही आफ्ना भएर पनि आफ्ना नहुँदारहेछन् र केही आफ्ना भन्दापनि आत्मीय, सहयोगी र आदरणीय हुने रहेछन् ।

सोच्न बाध्य पारेको छ- फगत अरू अनेक सम्बन्धको पछाडि नभाग, जुन असल र आत्मीय सम्बन्ध छ त्यसको जगेर्ना गर अनि जिन्दगीको मिठास र सन्तुष्टिको आभास गर्न तिमीलाई कसैले रोक्न सक्ने छैन ।

*(लेखक पूजा खड्का, गोरखा मोडेल सेकेन्डरी स्कुल, लमही-६, दाङमा कार्यरत शिक्षिका हुन् । स्रोतः अनलाईनखबर)*

## प्रधानमन्त्री कप क्रिकेट

# बागमती विजयी, रिजनले लिए ३ विकेट




समाज संवाददाता

हेटौंडाः एकदिवसीय पुरुष प्रधानमन्त्री कप क्रिकेट प्रतियोगितामा बागमती प्रदेशको टिम विजयी भएको छ। बागतमीले मंगलबार गण्डकी प्रदेशलाई १७० रनले हराउँदै जारी प्रतियोगितामा पहिलो जित दर्ता गरेको हो।

तल्लो मुलपानी क्रिकेट मैदानमा भएको खेलमा बागमतीले सुरुमा व्याटिङ गरेको थियो। टस हारेर व्याटिङको निम्तो पाएको बागमतीका व्याटरले उत्कृष्ट प्रदर्शन गर्दै गण्डकी सामु २९५ रनको लक्ष्य प्रस्तुत गरेको थियो। बागमतीले निर्धारित ५० ओभरमा ८ विकेट गुमाएर २९४ रन बनाएको थियो।

खेलमा बागमतीका दुबै ओपनर व्याटर आशुतोष घिरैया र शुभ कंसकारले राम्रो सुरुवात गरेका थिए। घिरैयाले ५९ रन र कंसकारले ४४ रन बनाए। यस्तै उपक्याप्टेन इशान पाण्डेले सर्वाधिक ७१ रन, उत्तम थापा मगरले ३० रन र विवेक राना मगरले २७ रन जोडे भने क्याप्टेन सन्दिप लामिछानेले अविजीत २६ रनको योगदान गरे। बागमतीका रिजन ढकालले उत्कृष्ट बलिङ गर्दै ३ विकेट लिए। क्याप्टेन लामिछाने र उपक्याप्टेन पाण्डेले समान २ विकेट लिए।

२ सय ९५ रनको लक्ष्य पछ्याएर मैदान प्रवेश गरेको गण्डकी १२४ रनमै रोकियो। गण्डकीको टिम ३१ ओभर ५ बलमा १२४ रन बनाएर अलआउट भयो। गण्डकीका ओपनर व्याटर अर्जुन कुमालले सर्वाधिक ७४ रन बनाए। अर्का व्याटर सुवास भण्डारीले २९ रन जोडे। गण्डकीका तीन जना व्याटर समान २ रन बनाएर आउट भएका थिए भने बाँकीले १ रन पनि जोड्न सकेनन्। बलिङतर्फ गण्डकीका कमल परियारले २ विकेट लिएका थिए।

मंगलबार नै माथिल्लो मुलपानी क्रिकेट मैदानमा भएको अर्को खेलमा विभागीय टोली नेपाल पुलिस क्लबले नेपाल एपीफ क्लबलाई १८५ रनले पराजित गरेको छ। सुरुमा व्याटिङ गरेको पुलिस क्लबले उत्कृष्ट प्रदर्शन गर्दै ३५६ रनको विशाल लक्ष्य प्रस्तुत गरेको थियो। पुलिस क्लबले निर्धारित ५० ओभरमा ९ विकेट गुमाएर ३५५ रन बनाएको थियो।

पुलिसका लागि शंकर रानाले ६१ रन, दिनेश खरेलले ६० रन, दिलशाद अलीले ५१ रन, क्याप्टेन आरिफ शेखले ५० रन र राशिद खानले ४४ रन बनाएका थिए। पुलिसका ललितनारायण राजवंशीले ३ विकेट लिए। यस्तै, करण केसी, राशिद खान र दिनेश खरेलले समान २ विकेट लिए।

लक्ष्य पछ्याइरहेको एपीफ क्लबलाई पुलिसले १७० रनमै रोक्न सफल भयो। एपीफले ४४ ओभरमा १७० रनमै अलआउट भयो। एपीफका लागि नन्दनकुमार यादवले सर्वाधिक अविजीत ४४ रन बनाए। कमल सिंह ऐरीले ३५ रन, सन्दिप जोराले २४ रन र पुरन विकले २० रन बनाए। एपीएफका कमल सिंह ऐरी र अमर सिंह र उटेलाले समान २ विकेट लिए।

मंगलबारको खेल सकिएसँगै बागमती, एपीफ क्लब र पुलिस क्लबले प्रतियोगितामा समान २ खेलबाट २ अंक जोडेको छ। यसअघि प्रतियोगिताको आफ्नो पहिलो खेलमा बागमती विभागीय टोली नेपाल एपीफ क्लबसँग पराजित भएको थियो भने पुलिस क्लब त्रिभुव आर्मी क्लबसँग पराजित भएको थियो।

# हेटौंडा फुटबल एकेडेमी भारत जाने

समाज संवाददाता

हेटौंडा : छिमेकी मुलुक भारतमा हुन लागेको जनता फुटबल टुर्नामेटमा हेटौंडा फुटबल एकेडेमीको टोली सहभागी हुने भएको छ। भारतको बिहार राज्यको बेतिया जिल्लास्थित मैन्टारमा हुन लागेको प्रतियोगितामा हेटौंडा फुटबल एकेडेमीको टोली पनि सहभागी हुने एकेडेमीका मुख्य प्रशिक्षक एवम् अध्यक्ष भीम लामाले जानकारी दिनुभयो।

प्रतियोगितामा नेपालका ४ वटा र भारतका ४ वटा गरी ८ वटा टोलीको सहभागिता रहनेछ। प्रतियोगिता नकआउट प्रणालीका आधारमा बुधबारदेखि मंगलबारसम्म सञ्चालन हुनेछ। प्रतियोगिताका उपाधि विजेता टोलीले ३१ हजार र उपविजेता टोलीले २१ हजार भारतीय रुपैयाँ पुरस्कार प्राप्त गर्ने छन्। हेटौंडा एकेडेमीले आउँदो शुक्रबार भारतको नरकटियागन्जको टोलीसँग खेल्नेछ।

यसअघि पनि हेटौंडा फुटबल एकेडेमी भारतको विभिन्न प्रतियोगितामा सहभागी हुँदै आएको छ। भारतको सिक्किममा यसअघि पटक-पटक एकेडेमीले सहभागिता जनाउँदै आएको छ। हेटौंडाको हुप्रचौरमा नियमित प्रशिक्षण गर्दै आएको एकेडेमीले देशभित्र पनि उल्लेख्य संख्यामा प्रतियोगिताहरुमा सहभागिता जनाउने गरेको छ।

# स्थापना दिवसको अवसरमा विविध कार्यक्रम

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको मुख्य न्यायाधीवक्ताको कार्यालयको ८ औं स्थापना दिवसको अवसरमा विविध कार्यक्रम भइरहेको छ। स्थापना दिवसको अवसर पारेर आइतबार र सोमबार मुख्य न्यायाधीवक्ताको काम, कर्तव्य, अधिकार र प्रदेशमा निर्माण भएका ऐन कानुन सम्बन्धमा अन्तरक्रिया गरिएको थियो।

आइतबार हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयको कक्षा ११ र १२ मा कानुन अध्ययनरत विद्यार्थीहरुसँग र सोमबार सोही क्याम्पसमा बीएएलएलबी पढ्ने विद्यार्थीहरुसँग अन्तक्रिया गरिएको थियो। मंगलबार मुख्य न्यायाधीवक्ता अप्सरा बस्नेतको अध्यक्षतामा रक्तदान कार्यक्रम भएको थियो। रक्तदान कार्यक्रममा ३१ जनाले रक्तदान गरेका थिए भने रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो।

आज बुधबार भुटनदेवी मन्दिर र मुख्य न्यायाधीवक्ताको कार्यालय परिसरमा सरसफाई कार्यक्रम रहेको मुख्य न्यायाधीवक्ता बस्नेतले जानकारी दिनुभयो। बिहीबार बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाको प्रमुख आतिथ्यमा जिल्ला समन्वय समितिको सभाहलमा स्थापना दिवस समापन हुने बस्नेतले बताउनुभयो।

सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

# हेटौंडामा प्रदेशस्तरीय कृषि प्रदर्शनी हुने

समाज संवाददाता

हेटौंडाः हेटौंडामा शुक्रबारदेखि 'बागमती प्रदेशस्तरीय कृषि प्रदर्शनी' आयोजना हुने भएको छ। मकवानपुर उद्योग वाणिज्य संघको आयोजनामा हुन लागेको प्रदर्शनीबारे संघले मंगलबार पत्रकार सम्मेलन गरी जानकारी गराएको हो।

हेटौंडा-२ स्थित पल्पसा सदनमा आयोजना हुने प्रदर्शनी चैत १३ गतेदेखि १६ गतेसम्म सञ्चालन हुनेछ। प्रदर्शनीमा ४० वटा स्टलहरू रहनेछ। प्रदेशका सिन्धुली, रामेछाप, काभ्रे, काठमाडौं, चितवन र मकवानपुरका कृषक तथा कृषि उद्यमीहरूले प्रदर्शनीमा स्टल बुक गरेको संघका अध्यक्ष प्रमोद सिंह रानाभाटले जानकारी दिनुभयो।

प्रदर्शनीको मुख्य उद्देश्य युवा पुस्तालाई कृषिमा आकर्षित गर्नु र कृषकहरूको मनोबल उच्च बनाउनु रहेको छ। प्रदर्शनीमा राखिने स्टलहरुमा विषादीमुक्त जैविक खाद्यान्नमात्रै बिक्री वितरण गरिने आयोजकले जनाएको छ। प्रदर्शनीमा कोदो, जुनेलो, फापरको पिठो, विभिन्न गेडागुडी, मसला, केराको चिप्स र अचारजस्ता खाद्य सामग्रीका साथै बाटेको धुप, गोबरबाट निर्मित दियो र गाँजाको रेशाबाट निर्मित कपडाहरू बिक्री वितरण गरिनेछ। साथै, आधुनिक कृषि प्रविधि र उपकरणहरुको समेत प्रदर्शनी गरिनेछ।

संघका अध्यक्ष रानाभाटका अनुसार प्रदर्शनीका लागि करिब ५ लाख ७५ हजार रुपैयाँ लागत अनुमान गरिएको छ। प्रदर्शनी आयोजना गर्न बागमती प्रदेश सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले ५ लाख रुपैयाँ विनियोजन गरेको छ।

कृषक र अवलोकनकर्तालाई प्रोत्साहन गर्नका लागि प्रदर्शनीमा स्टल शुल्क र प्रवेश निःशुल्क गरिएको छ भने टाढाबाट आउनेहरुका लागि खाजा र बासको समेत व्यवस्था गरिएको छ। यो मेलाले कृषि उपजको विविधिकरण, बजारीकरण र व्यावसायिक ज्ञान अभिवृद्धि गर्न सघाउनुका साथै कृषि क्षेत्रको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास आयोजकले लिएको छ। प्रदर्शनी कृषिको महत्व बुझाउने प्लेटफर्मको रूपमा रहेको संघका अध्यक्ष रानाभाटको भनाइ छ।

# ३१ जनाले रक्तदान गरे

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालय हेटौंडाको आयोजनामा रक्तदान कार्यक्रम भएको छ। मंगलबार हेटौंडा-४, बुद्धचोकमा कार्यालयको स्थापना दिवसको अवसरमा भएको रक्तदान कार्यक्रममा ३१ जनाले रक्तदान गरेका छन्। कार्यक्रममा रक्तसंचार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो।

केन्द्रमा अहिले रगतको माग बढी भएकाले आगामी दिनमा रगत अभाव हुनसक्ने केन्द्रका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो। कार्यक्रम मुख्य न्यायाधिवक्ता अप्सरा बस्नेतको अध्यक्षतामा भएको थियो। चैत १८ गते सहकारी दिवसको अवसरमा जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडको आयोजनामा, चैत १९ गते हेटौंडा-१३, पदमपोखरीमा सफल एकता जवान समिति, चैत २० गते हर्नामाडीमा पूर्वी इसाई, चैत २१ गते हेटौंडा राप्तिरोडस्थित सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लिमिटेड र चैत २८ गते मकवानपुरको मनहरी गाउँपालिका-५ रजैयामा रहेको केदारेश्वर युवा क्लबको आयोजनामा रक्तदान कार्यक्रम हुँदैछ।




# भिरबाट लडेर बालिकाको मृत्यु

समाज संवाददाता

हेटौंडा : मकवानपुर जिल्लाको इन्द्रसरोवर गाउँपालिका-३, जातीपोखरीमा भिरबाट लडेर एक बालिकाको मृत्यु भएको छ। मृत्यु हुनेमा ९ वर्षीया लमिना वाईबा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाकारी दिएको छ।

सोमबार दिउँसो ३ बजेर ३० मिनेटको समयमा लमिना घाँस काट्न चुत्रोघारीडाँडा जंगल गएकी थिइन्। साँझसम्म पनि घर नआएपछि परिवार तथा स्थानीयले खोजी गर्दै जाँदा बुधबार बिहान ७ बजेको समयमा चुत्रोघारीडाँडाको भिरबाट ३ सय मिटर तल लडेको अवस्थामा मृत फेला परेको प्रहरीले जानकारी दिएको छ।

## रोजगारीको अवसर

हेटौंडास्थित एक होटलका लागि तपसील बमोजिमको कामदार आवश्यक भएकोले इच्छुक, योग्य नेपाली नागरिकले २०८२ चैत १३ गतेसम्ममा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसील
कुक - २ जना
काउन्टर सेल्सम्यान-३ जना
किचन (स्वीट्स) हेल्पर : ५ जना।
बेकरी हेल्पर : ३ जना।
क्लिनर : २ जना।

सेवा, सुविधा आपसी सहमतिमा तय गरिनेछ।

सम्पर्क : ९८२१-२५९३९३

## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि.को

### ऋण चूक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

*(सूचना प्रकाशित मिति २०८२।१२।११)*

प्रस्तुत विषयमा यस पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लिमिटेड हेटौंडाको तपशिलमा उल्लेखित तपाई ऋणीहरुले कर्जा उपभोग गर्दै आएकोमा उक्त कर्जाको सहकारीलाई समय(समयमा तिर्नु/बुझाउनु पर्ने साँवा-व्याज आदि भुक्तानी गर्न आउन तपाईहरुलाई पटक-पटक लिखित तथा मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत कर्जा चुक्ता/भुक्तानी गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले कर्जा चुक्ता गर्न आउने ३५ (पैंतिस) दिने सूचना प्रकाशित गरिएको छ। सो अवधी भित्र पनि सहकारी संस्थामा उपस्थित हुनु भई तपाई ऋणीले संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण कर्जा रकम सोको साँवा, व्याज तथा दैदस्तुर समेत चुक्ता भुक्तानी गर्न हुन सूचित गरिन्छ। अन्यथा सहकारी ऐन २०७४ तथा नियमावली २०७६ र प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानीकर्तालाई कालोसूचीमा राखी अन्य कानूनी कारबाही समेत अगाडि बढाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै हुलाक मार्फत पठाइएको सूचना पत्र बुझाउन नसकिएको वा निज फेला नपरेको खण्डमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम कानूनी प्रक्रिया अगाडि बढाउन बाधा नपर्ने र व्यक्तिगत जमानतदाता तथा सरोकारवालाहरुले समेत यसै सूचना बमोजिम जानकारी लिनु हुन समेत जानकारी साथ अनुरोध छ।

**तपसिल**

| ऋणीको विवरण | ऋणीको विवरण | ऋणीको विवरण | ऋणीको विवरण |
| --- | --- | --- | --- |
| नाम : दिनेश गौतम<br>बाबुको नाम : दामोदर गौतम<br>बाजेको नाम : देवदत्त गौतम<br>ठेगाना : हेटौंडा-७, नागस्वति<br>ना.प्र.नं. : ५५/११७<br>जारी मिति र जिल्ला : मकवानपुर | नाम : मछिन्द्रलाल नकर्मी<br>बाबुको नाम : देवलाल नकर्मी<br>बाजेको नाम : देवनारायण नकर्मी<br>ठेगाना : हेटौंडा-२, बासुदेवमार्ग<br>ना.प्र.नं. : ५०५७<br>जारी मिति र जिल्ला : २०४०/०८/१२/मकवानपुर | नाम : रामचन्द्र नगरकोटी<br>बाबुको नाम : पूर्णमान नगरकोटी<br>बाजेको नाम : रणबहादुर नगरकोटी<br>ठेगाना : जागरुङ्ग-२, धादिङ्ग<br>ना.प्र.नं. : ३६/१२५<br>जारी मिति/जिल्ला : २०६१/११/२६/धादिङ्ग | नाम : अन्जिता रानामगर<br>पतिको नाम : राजु रानामगर<br>ससुराको नाम : सिद्ध बहादुर रानामगर<br>ठेगाना : हेटौंडा-११, नवलपुर<br>ना.प्र.नं. : ३१३०२३/८४७ क<br>जारी मिति/जिल्लाः २०६३/११/१३/मकवानपुर |
| नाम : गोविन्द केशरी<br>बाबुको नाम : रामएकवाल केशरी<br>बाजेको नाम : पुरन साह केशरी<br>ठेगाना : हेटौंडा-४, पारिजातपथ<br>ना.प्र.नं. :<br>जारी मिति र जिल्ला : | नाम : लक्ष्मी बानियाँ<br>पतिको नाम : बिनोद ढकाल<br>ससुराको नाम : गगन प्रसाद ढकाल<br>ठेगाना : हेटौंडा-१०<br>ना.प्र.नं. : ३३३०५६/१७३७<br>जारी मिति/जिल्ला : २०६३/१०/२९/मकवानपुर | नाम : मैया भण्डारी<br>पतिको नाम : प्रकाश राई<br>बाजेका नाम : एकबहादुर राई<br>ठेगाना : हेटौंडा-११ नवलपुर<br>ना.प्र.नं. : ७९९<br>जारी मिति/जिल्ला : २०३४/०३/१७/मकवानपुर | नाम : हरिकृष्ण पुडासैनी<br>बाबुको नाम : चन्द्र बहादुर पुडासैनी<br>बाजेका नाम : लोकनाथ पुडासैनी<br>ठेगाना : हेटौंडा-३, बसामाडी<br>ना.प्र.नं. : १४५५० मकवानपुर<br>जारी मिति/जिल्लाः २०४६/०१/०५/मकवानपुर |
| नाम : मुकुन्द श्रेष्ठ<br>बाबुको नाम : पूर्णबहादुर श्रेष्ठ<br>बाजेको नाम : अन्तनारायण श्रेष्ठ<br>ठेगाना : हेटौंडा-२<br>ना.प्र.नं. : १०५०९<br>जारी मिति/जिल्ला : २०४५/०२/१३/मकवानपुर | नाम : निता श्रेष्ठ<br>पतिको नाम : सन्तोष कुमार श्रेष्ठ<br>ससुराको नाम : नवराज श्रेष्ठ<br>ठेगाना : हेटौंडा-१, भिन्तुनापथ<br>ना.प्र.नं. : २४/१८६८७<br>जारी मिति/जिल्ला : २०६१/०९/०३ | नाम : उमेश घिमिरे<br>बाबुको नाम : हरिप्रसाद घिमिरे<br>बाजेको नाम : चेतप्रसाद घिमिरे<br>ठेगाना : लालबन्दी-९, सर्लाही<br>ना.प्र.नं. : ५२९६०२४१<br>जारी मिति/जिल्ला : २०५६/१०/२६ सर्लाही | नाम : रबिका श्रेष्ठ<br>पतिको नाम : जितेन्द्र कुमार श्रेष्ठ<br>ससुराको नाम : कृष्ण कुमार श्रेष्ठ<br>ठेगाना : हेटौंडा-१०<br>ना.प्र.नं. : ४७/३१११७<br>जारी मिति/जिल्ला : २०६२/१०/०२/मकवानपुर |
| नाम : सीता जोशी<br>पतिको नाम : रुपेश कुमार जोशी<br>बाजेको नाम : प्रकाश जोशी<br>ठेगाना : हेटौंडा-२, शान्तिटोल<br>ना.प्र.नं. :<br>जारी मिति र जिल्ला : | नाम : मिना बिडारी<br>पतिको नाम : रुपचन्द्र बिडारी<br>बाजेका नाम : पुश्माखर बिडारी<br>ठेगाना : हेटौंडा-२, काँग्रेसचोक<br>ना.प्र.नं. : १६/६४५<br>जारी मिति र जिल्ला : मकवानपुर | नाम : साधुराम कार्की<br>बाबुको नाम : बद्रिबहादुर कार्की<br>बाजेको नाम : चन्द्रबहादुर कार्की<br>ठेगाना : थाहा नगरपालिका-८, मकवानपुर<br>ना.प्र.नं. : २७१<br>जारी मिति/जिल्ला : २०४६/२/११/मकवानपुर | नाम : राम बहादुर विश्वकर्मा<br>बाबुको नाम : कृष्ण बहादुर विश्वकर्मा<br>बाजेको नाम : नाल बिश्वकर्मा<br>ठेगाना : हेटौंडा-४, मकवानपुर<br>ना.प्र.नं. : ३८२३<br>जारी मिति/जिल्लाः मकवानपुर |
| नाम : राम बहादुर श्रेष्ठ<br>बाबुको नाम : जगत बहादुर श्रेष्ठ<br>बाजेको नाम : रत्नमान श्रेष्ठ<br>ठेगाना : हेटौंडा-४, हुप्रचौर<br>ना.प्र.नं. : ८६३<br>जारी मिति/जिल्ला : २०३०/०३/०१/चितवन | नाम : राम कुमार लामा<br>बाबुको नाम : जित बहादुर घिसिङ्ग लामा<br>बाजेको नाम : हर्क बहादुर घिसिङ्ग लामा<br>ठेगाना : हेटौंडा-४, मकवानपुर<br>ना.प्र.नं. : ११८<br>जारी मिति/जिल्ला : २०४६।०३।१५/मकवापुर | नाम : अनिल कटुवाल<br>बाबुको नाम : मोहन बहादुर कटुवाल<br>बाजेको नाम : धर्म बहादुर कटुवाल<br>ठेगाना : हेटौंडा-२, मेनरोड<br>ना.प्र.नं. : १८/०१८<br>जारी मिति/जिल्ला : २०५२/१२/०५ | नाम : गणेशप्रसाद रौनियार<br>बाबुको नाम : रामप्रसाद रौनियार<br>बाजेको नाम : राम लखन रौनियार<br>ठेगाना : हेटौंडा-२, संगमचोक<br>ना.प्र.नं. : १८/०३१<br>जारी मिति/जिल्ला : २०५३/०२/१०/मकवानपुर |
| नाम : सुनिता लामा<br>पतिको नाम : प्रमोद श्रेष्ठ<br>ससुराको नाम : पूर्णबहादुर श्रेष्ठ<br>ठेगाना : हेटौंडा-४<br>ना.प्र.नं. : ३३३०११/२३३६<br>जारी मिति/जिल्ला : २०६३/१०/१४/बारा | नाम : निर्मला थापा<br>पतिको नाम : हेम बहादुर थापा<br>ससुराको नाम : अम्मर बहादुर थापा<br>ठेगाना : हेटौंडा-८, कमाने<br>ना.प्र.नं. : २३/०४६<br>जारी मिति/जिल्ला : २०५२/११/१४/मकवानपुर | नाम : सनिल श्रेष्ठ<br>बाबुको नाम : नारायण श्रेष्ठ<br>बाजेको नाम : श्री लाल श्रेष्ठ<br>ठेगाना : हेटौंडा-२, देविपथ<br>ना.प्र.नं. : १७/०७६<br>जारी मिति/जिल्लाः २०५३/०३/०५ | नाम : प्रविन कुमार नेपाली<br>बाबुको नाम : राजन कुमार नेपाली दर्जी<br>बाजेको नाम : रामभक्त नेपाली दर्जी<br>ठेगाना : हेटौंडा-११, थानाभऱ्याङ्ग<br>ना.प्र.नं. : ३१३०२३/१०१६ क<br>जारी मिति/जिल्लाः २०६३/११/१५/मकवानपुर |

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ